खुम्बु पासाङल्हामु गाउँपालिका
Khumbu Pasanglhamu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, १ नं. प्रदेश नेपाल
Office of the Rural Municipal Executive, Churikharka, Solukhumbu, 1 No. Province, Nepal

प.सं.: ०७७/०७८
च.नं.:

मिति: ..............................

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०४/२२

प्रस्तुत बिषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. ०७७/०७८ च.नं. २३ मिति २०७७/०४/१२ को पत्रानुसार यस खुम्बु पासाङल्हामु गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रकालागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग भए बमोजिमका विवरण र तोकिएको राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या |
|---|---|---|---|---|
| १. | ०७७/०७८/०१ | प्राविधिक सहयाक | स्थानीय सेवाको पाँचौं तह सरह | १ जना |

**१. आवश्यक न्युनतम योग्यता र अनुभव:**

क) सिभिल इन्जिनियरिङ बिषयमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको,

ख) कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,

ग) पूर्वाधार निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण, अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासील गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ महिना काम गरेको अनुभव भएको ,

घ) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने खालको कुनै पनि किसिमको फौजदारी अभियोग नलागेको,

ङ) उमेर : कम्तिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको,

**२. दरखास्त दिने स्थान :** खुम्बु पासाङल्हामु गाउँकार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु ।

**३. दरखास्त दिने अन्तिम मिति :** २०७७/०५/०५ गते सम्म कार्यालय समय भित्र ।

**४. आवेदन दस्तुर :** ७००/-

**५. छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा ।

**६. आवेदन साथ संलग्न कागजातहरु :** यस कार्यालयको नाममा रा.वा.बैंक, लुक्ला शाखामा रहेको खाता नं. ग-१-१-२५८००३०४०१०००२ मा राजश्व जम्मा गरेको सक्कलै भौचर सहित आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातका प्रतिलिपिहरू

क) नागरिकता प्रमाणपत्र ख) न्युनतम योग्यताको लाब्धांक प्रमाणपत्र

ग) चारित्रिक प्रमाणपत्र घ) अनुभव खुल्ने कागजात

ङ) २ प्रति पासपोर्ट आकारको फोटो

सुजन कुमार बुढाथोकी
अधिकृतस्तर (छैठौं)

༄༅། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གྲོང་སྡེ་ཁུལ་གྱི།
खुम्बु पासाङल्हामु गाउँपालिका
Khumbu Pasanglhamu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, १ नं. प्रदेश नेपाल
Office of the Rural Municipal Executive, Churikharka, Solukhumbu, 1 No. Province, Nepal

प.सं.:
च.नं.:

मिति: ...............................

७. **सेवा / सुबिधा** : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बधि प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. **पदले सम्पादित गर्नु पर्ने कार्यविवरण** : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बधि प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

नोट : आवेदनको ढाँचा, पाठ्यक्रम र प्राविधिक सहयाक पदको कार्यविवरण लगायत अन्य जानकारी यस कार्यालयको वेवसाइट www.khumbupasanglhamumun.gov.np तथा मन्त्रालयको वेवसाइट www.pmep.gov.np मा उपलब्ध छ । थप जानकारीको लागि मोबाइल नं. ९८०३४९२५५८, ९८०१८४२३८१ मा सम्पर्क गर्न सकिनेछ ।

सुजन कुमार बुढाथोकी
अधिकृतस्तर छैठौं

सुजन कुमार बुढाथोकी
अधिकृतस्तर (छैठौं)